# वार्षिक प्रगति प्रतिवेदन २०६६/०६७

**आदरणीय सदस्य महानुभावहरु**

आज हामी इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN) को ९ औं बार्षिक साधारण सभाको क्रममा छौं । इन्टरनेटको माध्यमबाट जनताको आर्थिक स्तर उकास्ने सामाजिक भावना सहित नीति स्तरबाट स्थापित इन्टरनेट सेवा प्रदायकहरुले आफ्नो सामुहिक हक हित संरक्षण र संवर्द्धन गर्न छाता संगठनको आवश्यकता महशुस गरि वि.सं. २०५८ मा गैरनाफामूलक गैरसरकारी संस्थाको रुपमा यस इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN) को स्थापना भएको हो ।

निजी क्षेत्रबाट स्थापित  इन्टरनेट सेवा प्रदायकहरुको छाता संगठनको रुपमा यसले आफ्ना सदस्यहरुको हितमा आवाज उठाउँदै आएकोछ । यस क्रममा संघले नेपाल दूरसंचार प्राधिकरण, सूचना तथा संचार मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी जस्ता सरकारी निकाय, इन्टरनेट सोसाइटी नेपाल, कम्प्युटर एसोसिएसन नेपाल, उद्योग बाणिज्य महासंघ जस्ता अन्य पेशागत तथा गैरसरकारी संस्था तथा नेपाल दूरसंचार कम्पनी लिमिटेड (एनटीसी), एनसेल प्रा.लि. लगायतका अन्य स्तरमा स्थापित सेवा प्रदायकहरुसँगको सहकार्यमा आफ्ना गतिविधि संचालन गर्दै आइरहेकोछ ।

संघले इन्टरनेट सम्बन्धी नीति, नियम तथा कानुन तर्जुमा गर्न आवश्यक पहल गरी सम्बन्धित निकायलाई सुझाव तथा सहयोग गर्दै आएकोछ । राज्यले निर्धारण गरेको नीति, नियम तथा कानुनको परीधि भित्र रहि देशमा एउटा स्वस्थ्य इन्टरनेट उद्योगको स्थापना गर्न संघ प्रतिवद्ध छ ।

**सदस्य महानुभावहरु**

इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN) का केहि लक्षित उद्देश्यहरु छन् । संघ यी लक्षित उद्देश्य हासिल गर्न सदैव कार्यरत छ । इन्टरनेट सेवा प्रदायक संघ नेपाल (**ISPAN**) का केही लक्षित उद्देश्यहरु यस प्रकार रहेकोछ ।

- सूचनाप्रविधि/सूचनाप्रविधिजन्य/सफ्टवेयर सेवाहरुको बृद्धिका लागि इन्टरनेट मञ्च उपलब्ध गराउनु,
- इन्टरनेट सेवा प्रदायकहरुको हित प्रवर्द्धन, संरक्षण र विकास गर्नु,
- ई–कमर्श, ई–सुशासन, स्वास्थ्य सेवा तथा दुरशिक्षाका लागि इन्टरनेट र इन्टरनेटजन्य सेवाको विस्तारलाई सहजीकरण गर्न आवाज र तथ्याङ्कहरुबीच संसृति बृद्धि गर्नु,
- ताजा प्रविधि र अभ्यासहरुका लागि सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सहकार्य गर्नु र संलग्न रहनु,

- सूचनाप्रविधि उद्योगको फाइदाका लागि सम्बन्धित संस्थाहहरुमा लबी गर्नु,
- ग्रामीण क्षेत्रहरुमा इन्टरनेट विस्तार गर्नु,
- सूचनाप्रविधि क्षेत्रको विकासका लागि अनुसन्धान, सेमीनार तथा कार्यशालाहरु आयोजना गर्नु ।

**सचिवालय संचालनको सन्दर्भमा**

**इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN)** ले २०६६/२०६७ का लागि लोटस बीजपोर्ट प्रा.लि.बाट आफ्नो सचिवालय सेवालाई निरन्तरता दिएको छ । यस सेवाका लागि संघले लोटस बीजपोर्ट प्रा.लि. लाई भ्याट बाहेक वार्षिक रुपमा ९६,००० रुपैयाँ भुक्तानी गर्ने गरेकोछ । सचिवालयको प्रमुख जिम्मेवारीहरुमा दैनिक कार्यसम्पादन, बैठकहरुको संयोजन, पत्राचारहरुको अभिलेख राख्ने, बैठक पुस्तिका र अन्य महत्वपूर्ण सामाग्रीहरु तयार पार्ने, आर्थिक अभिलेख राख्ने र अन्य क्रियाकलापहरुमा कार्यसमिति सदस्यहरुलाई अवगत गराउने, जस्तैः सेमीनार, कार्यशाला वा तालिम कार्यक्रमहरु आयोजना गर्ने कुरा पर्दछ ।

लोटस बीजपोर्ट प्रा.लि.का विनोद जोशीलाई **इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN)** को कार्यालय व्यवस्थापकका रुपमा नियुक्त गरिएको छ ।  निज जोशी सरकारी र गैह्रसरकारी निकायहरुलाई अंग्रेजी र नेपालीमा चिट्ठीपत्रको मस्यौदा तयार पार्ने, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय गर्ने तथा कानुनी कामहरु व्यवस्थापन गर्ने आदि कामका लागि जिम्मेवार हुनुहुन्छ ।

**सदस्यता नविकरण तथा थप सम्बन्धमा**

**आर्थिक बर्ष २०६६/२०६७ मा दुई नयाँ सदस्यहरु इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN) मा थपिएका छन् । तिनीहरुः**

- जेन टेक इन्टरनेशनल प्रा.लि., र
- प्रतिध्वनी मिडिया प्रा.लि. ।

**कार्यसमिति बैठक तथा निर्णयहरु**

कार्यसमितिका बैठकहरु पाक्षिक रुपमा हरेक बुधबार लोटस बिजपोर्ट र अन्य केही स्थानहरुमा पनि भएका छन् । यस बर्ष जम्मा २३ वटा बैठकहरु भएका थिए र बैठकमा आईएसपीसँग सम्बन्धित विविध विषयहरुमा छलफल भएका थिए । बैठकले संघका सदस्यहरुको हितकालागि तर्जुमा गर्नुपर्ने योजना, नीति बनाएको र कानुनी पाइलाहरु पनि चालेको छ । यस क्रममा एडीएसएल (ADSL) का विषयमा अन्तरिम आदेशका लागि

पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरिएको थियो । वाइम्याक्स (WiMax) , आईपी टेलीफोनी, एडीएसएल–क्रश सबसीडी (ADSL Cross–Subsidy), भीओआईपी (VOIP) का विविध मुद्दाहरु बैठकका एजेण्डाहरु रहेकाथिए ।

कार्यसमितिको बैठक बाहेक अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरु जस्तैः सूचना तथा संचार मन्त्रालय, नेपाल दूरसंचार प्राधिकरण, नेपाल दूरसंचार कम्पनी लिमिटेड, महानगरीय प्रहरीको सीआईटी अपराध शाखा, सीविन आदिसँग समेत बैठक भएकाथिए ।

**उपाध्यक्षको राजिनामा**

ब्रोडलिंक नेटवर्क एण्ड कम्युनिकेशन प्रा.लि.को तर्फबाट प्रतिनिधित्व गरी २०६६।००।०० मा सम्पन्न साधारण सभाबाट उपाध्यक्ष पदमा निर्वाचित श्री मनिष कुमार सिंहले व्यक्तिगत कारण दर्शाउँदै आफ्नो पदबाट राजीनामा दिनुभयो । कार्यसमितिले उहाँको राजीनामा स्वीकृत गरेकोछ । हाल सम्म उक्त पद रिक्त नै रहेकोछ ।

**यस वर्षका कार्यक्रम तथा गतिविधिहरु**

यस वर्षपनि संघले विगतमा जस्तै आफैं तथा अन्य संघ संस्था विच समन्वय गरि विविध कार्यक्रमहरु संचालन गरेकोछ । यस्ता कार्यक्रमहरु यस प्रकार रहेकाछन् ।

**क. अनलाईन जोखिमबाट बालबालिकालाई जोगाउन सरोकारवालाहरुको भूमिका सम्बन्धी कार्यशालाः**

सीविन नेपालद्वारा आयोजित “अनलाईन जोखिमबाट बालबालिकालाई जोगाउन सरोकारवालाहरुको भूमिका” विषयक आधा दिनको कार्यशालामा उपाध्यक्ष मनिष कुमार सिंह सहभागी हुनुभयो ।

**ख. एनटीए/एसएटीआरसी भेलाः**

**संघका** अध्यक्ष विनय बोहोराले एनटीए/एसएटीआरसी भेलामा र अन्य क्षेत्रमा पनि आफ्ना प्रस्तुतीहरु दिनुभयो ।

पूर्व अध्यक्ष पवन सिंह शाक्यले काठमाडौं विश्वविद्यालय बीबीआईएस र अन्य क्षेत्रहरुमा पनि छलफल कार्यक्रमहरुको संयोजन र नेतृत्व गर्नुभयो ।

नेपाली राष्ट्रिय फुटबल टीमका पूर्व कप्तान उपेन्द्रमान सिंहले आयोजना गर्नुभएको मैत्रिपूर्ण फुटवल खेलमा **इन्टरनेट सेवा प्रदायक संघ नेपाल (ISPAN)** का सदस्यहरुले भाग लिनुभयो ।

## भविष्यका योजनाहरु

संघलाई मजवुद बनाउनका लागि समितिसदस्यहरुले निम्नानुसारका योजनाहरु तयार पारिएका छन्ः

१. एडिएसयल सम्बन्धी मुद्दामा संघको हित अनुकूल अझ शसक्त पहल गर्ने ।
२. संघको सदस्यहरुको हितकालागि विभिन्न निकायमा गई समन्वय कायम गर्ने र सोको कार्यान्वयन गर्ने तर्फ अगाडि बढ्ने ।
३. विभिन्न कमिटि गठन गरी सम्बन्धीत निकायमा समन्वय कायम गर्ने ।

धन्यवाद ।

.....................
(पवन प्रधान)
महासचिव